नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक ७४ २०७९ साल असोज २८ गते शुक्रबार (14 Oct 2022 Friday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : कोप-२७ : अनुकूलन र... ३ पृष्ठमा : 'उम्मेदवारी दिँदा दलित ... ३ पृष्ठमा :राष्ट्रसंघमा पाकिस्तानका ...

# सप्तरीको २ नं. क्षेत्रमा दुई पुराना र एक नयाँ अनुहारबीच मुख्य प्रतिस्पर्धा

**दैनिक समाचारदाता**
**राजविराज, २७ असोज ।**







सप्तरीमा अहिले प्रतिनिधिसभा क्षेत्र नं. २ सर्वाधिक चासो र चर्चाको विषय बनेको छ । यहाँबाट प्रतिनिधीसभा सदस्य पदमा दुई राष्ट्रिय अध्यक्ष र एक केन्द्रिय सदस्य चुनावी मैदानमा उत्रेपछि सबैको चासो र चर्चाको विषय बनेको हो ।

यस क्षेत्रबाट जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सीके राउत र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका केन्द्रीय सदस्य जयप्रकाश ठाकुर चुनावी मैदानमा छन् ।

यीनै उम्मेदवारबीच मुख्य प्रतिष्पर्धा हुने अनुमान गरिएको छ । सत्ता गठन्धनबाट लोसपाका ठाकुर उम्मेदवार छन । विपक्षी गठबन्धन घटक एमाले-जसपाबाट जसपाका राष्ट्रिय अध्यक्ष यादव उम्मेदवार छन । यादव यसै क्षेत्रका निर्वतमान प्रत्यक्ष तर्फ निर्वाचित प्रतिनिधीसभा सदस्य हुन् । जनमत पार्टीबाट राष्ट्रिय अध्यक्ष डा.सिके राउत पहिलो पल्ट चुनावी मैदानमा छन् । जनमत पार्टी यहाँ कुनै दल संग गठबन्धन नगरी एक्लै चुनावी मैदानमा छन् ।

२०७४ को निर्वाचनमा तत्कालिन संघिय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टीको गठबन्धन तथा नेपाली काँग्रेस समेतको सर्मथनमा उम्मेदवार रहेका यादव २१ हजार ६ सय २० मत प्राप्त गरी विजयी भएका थिए । त्यति बेला निकटतम प्रतिद्वन्दी रहेका नेकपा माओवादी केन्द्रका उम्मेदवार उमेश यादवले ११ हजार ५ सय ८० मत प्राप्त गरेका थिए । तेश्रो स्थानमा भने स्वतन्त्र उम्मेदवारी दिएका जय प्रकाश ठाकुरले ९ हजार ४ सय ५९ मत प्राप्त गरेका थिए ।

तर यस पटक परिस्थिती र गठबन्धन दुबै फेरिएको छ । यस पटक त रोचक के छ भने २०७४ सालको निर्वाचनमा निकटतम प्रतिद्वन्दी रहेका माओवादी केन्द्रका उमेश यादव अहिले फरक गठबन्धनबाट प्रदेशसभा सदस्यको उम्मेदवार बनेका छन् । उनी अहिले सत्ताधारी दलको गठबन्धनबाट प्रदेशसभा सदस्यमा २ को ख बाट चुनावी मैदानमा छन् ।

यस्तै अर्को पुराना प्रतिस्पर्धी जय प्रकाश ठाकुर सत्ताधारी दलकै गठबन्धनका साझा उम्मेदवार बनी जसपा अध्यक्ष यादव संग प्रतिस्पर्धामा उत्रेका छन् । अघिल्लो चुनावमा स्वतन्त्र उम्मेदवारी दिई पराजित भएका ठाकुरले लोसपामा प्रवेश गरेपछी लोसपाको कोटाबाट सत्तारुढ गठबन्धन दलका साझा उम्मेदवार बनेका हुन् ।

उतिबेला फोरम र राजपाको गठबन्धन हुदा अध्यक्ष यादवलाई काँग्रेसको पनि साथ थियो । तर अहिले तत्कालिन राजपा र वर्तमानको लोसपाका उम्मेदवार ठाकुरले काँग्रेसको मात्र होइन, माओवादी केन्द्र र एकिकृत समाजवादीको पनि साथ पाएको छ ।

जसपाले कट्टर विरोधी मान्दै आएको एमाले संग अहिले गठबन्धन गरेको छ भने लोसपा सत्ता गठबन्धन संग छ । यति बेला यस क्षेत्रमा काँग्रेस, माओवादी केन्द्र र एकिकृत समाजवादीको साथ पाएकाले आफु झन बलियो भएको सत्ता गठबन्धनका साझा उम्मेदवार लोसपाका ठाकुरको दाबी छ ।

राजविराज नगरपालिका सहित महदेवा, छिन्नमस्ता र तिलाठी गाउँपालिका पर्ने यस क्षेत्रमा पछिल्लो स्थानीयतहको निर्वाचनमा २ गाउँपालिकामा लोसपा र १ गाउँपालिकामा काँग्रेसले जित हात पारेको छ । राजविराज नगरपालिकामा भने जसपाले जित हात पारेको छ । गत स्थानीयतहको निवाचनमा जसपाले १५ हजार ३ सय ७५ र एमालेले ३ हजार ६ सय ९३ मत प्राप्त गरेको थियो । यस्तै काँग्रेसले १३ हजार ३ सय १५, लोसपाले १३ हजार ५ सय ४८, माओवादी केन्द्रले ७ हजार ७ सय ७६ र एकिकृत समाजावादीले ३ हजार २ सय ७१ मत ल्याएको थियो ।

यसरी हालै समपन्न स्थानीयतहको मत जोडदा एमाले-जसपा गठबन्धनका पक्षमा १९ हजार ६८ मत देखिन्छ भने सत्ता गठबन्धनको मत ३६ हजार ८ सय ९२ पुग्छ । यस आधारमा पनि आफ्नो जीत सुनिश्चित रहेको सत्तापक्षिय गठबन्धनका साझा उम्मेदवारबाट ठाकुरको दाबी छ ।

यता स्वतन्त्र मधेशको मुदा थाँती राखी शान्तिपुर्ण राजनितीमा आएर किसानको मुद्धा चर्काउदै विशेष चर्चामा आएका जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा.सिके राउतको उम्मेदवारीले सत्तागठबन्धन र विपक्षि गठबन्धन दुबैको धैरै मत तान्ने कतिपयको बुझाई छ । आफ्नो ब्यक्तित्व, लाखौं वेरोजगार युवालाई स्वदेश मै रोजगारी, किसानको समस्या समाधान, स्वास्थ्य र शिक्षा क्षेत्रमा सुधार लगायत विषयमा गरेको प्रतिबद्धताले जनता यस पल्ट आफुलाई अवसर प्रदान गर्नेमा विस्वशत रहेका डा.राउतको भनाई छ ।

जनताले डेटएक्सपायर भएका पुराना नेतालाई होइन, "मेरो निर्स्वाथ भावनालाई हेरेर मलाई सहयोग गर्नेमा विश्वस्त छु उनले भने ।"

जसपा अध्यक्ष उपेन्द्र यादले भने २०७४ को निर्वाचन जितेपछि आफुले यस क्षेत्रको विकासका लागी निस्वार्थ भइ धेरै काम गरेकाले जनताले यस पल्ट पनि आफुलाइ नै जिताउने बताउदै आएका छन् । यो जिल्ला र क्षेत्रमा कृषि विश्वविद्यालय, जिर्ण अवस्थामा रहेको गजेन्द्र नाारण सिह अस्पालतमा सुधार, नर्सिङ कलेज, रामराजा प्रसाद सिंह स्वाथ्य विज्ञान प्रतिष्ठान स्थापनाको तयारी, विभिन्न सडक संजालको निर्माण र विस्तार लगायतका थुप्रै संरचनाको निर्माण र स्थापनाको काम गरेकाले जनताले अवश्य आफ्नो कामको मुल्याँकन गरेर अर्को पाँच वर्ष यो क्षेत्रलाई थप सेवा प्रदान गर्न मौका दिने उनको भनाई छ ।

यादव र डा.राउत दुबैको घर यसै क्षेत्र अर्न्तगतको महदेवा गाउँपालिकामा पर्छ । सत्ता गठबन्धनको उम्मेदवार ठाकुरको घर भने यसै क्षेत्रको राजविराज नगरपालिकामा पर्छ । एमालेले मेचि महाकाली अभियानको क्रममा २०७३ फागुन २३ गते अध्यक्ष केपी ओलीको उपस्थितीमा भईरहेको आमसभा विथोल्न पुगेका मधेशवादी दलका कार्यकर्तामाथी प्रहरीले गोली चलाउदा ५ जनाको ज्यान गएको थियो ।

त्यही ओली नेतृत्वको एमालेसंग जसपाले गठबन्धन गरेको भन्दै विपक्षीले त्यसलाई पनि ठुलो अस्त्रको रुपमा प्रयोग गरिरहेका छन् । यस्तो अस्त्रलाई रोक्न जसपाका नेता तथा कार्यकर्ताले एमाले संग गठबन्धन नभई केही सिटमा "तालमेल" मात्र गरेको र विगतको मुदा कायमै रहेको तर्क दिदै विपक्षीको अस्त्रलाइ कमजारे

***बाँकी अन्तिम पृष्ठमा***

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## हार्दिक मंगलमय शुभकामना



२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**संचालक समिति परिवार**
**राजविराज ८, सप्तरी**

## सम्पादकीय

### समय अगावै तयारीमा जुटौं

अहिले निर्वाचनको माहोल रहेको छ । निर्वाचनको माहोलसँग सँगै मौसममा पनि परिवर्तन भइरहेको छ । चिसो मौसमको आवागमन हुँदैछ । विगतका वर्षहरुमा चिसो मौसमका कारण अत्याधिक कष्टर जिवन बिताउनु परेको कसैसामु लुकेको छैन् । खासगरी गरीब तथा विपन्न यस मौसममा बढी मारमा पर्ने गरेका छन् । वृद्धवृद्धा तथा बालबालिकालाई यस मौसमले बढी कष्ट पुऱ्याइरहेको हुन्छ ।

मौसममा आउने परिवर्तनसँगै रुघाखोकी, निमोनिया र झाडापखाला जस्ता रोग समेत देखिन्छ । चिसोबाट जोगिन पूर्वतयारी पनि उत्तिकै आवश्यक छ । तर, चिसोको आवगनम हुनु पूर्व स्थानीय तहहरुले कुनै तयारी गरेको देखिन्न् । यसका लागि सप्तरीका विपन्नहरुको जीवनस्तरलाई सामान्य बनाउन विभिन्न सरकारी तथा गैरसरकारीबाट अहिलेदेखी नै पहल थाल्न जरुरी छ ।

जिल्ला संकट व्यवस्थापन समिति, रेडक्रस, स्थानीय तह समेतको समन्वयकारी भूमिकाबाट गरीब तथा विपन्नहरुको अवस्था सुधार्न सकिन्छ । चिसोयाम आउनु पूर्व नै यसका दुष्परिणामहरुबाट जोगाउन सरकारी तथा गैरसरकारी स्तरबाट उपाय अबलम्बन गर्न सकिए अवस्थामा सुधार आउन सक्छ । तसर्थ समय अगावै चिसो मात्र नभएर अन्य विपदबाट जोगिन उपाय अवलम्बन गर्नु अति आवश्यक छ ।

# कोप-२७ : अनुकूलन र जलवायु वित्तीय सहयोग नेपालको प्राथमिकता

काठमाडौँ, २७ असोज (रासस) ।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसिसिसी) को पक्ष राष्ट्रको २७औँ सम्मेलन (कोप-२७) मा नेपालले अनुकूलन, हानीनोक्सानी, जलवायु वित्तीय सहयोगलगायत मुद्दालाई प्राथमिकताका साथ उठाउने तयारी गरेको छ ।

सम्मेलनमा हिमाली क्षेत्रमा जलवायु परिवर्तनको असरले समग्र हिमाली अर्थतन्त्र र सो क्षेत्रका साथै तल्लो तटीय क्षेत्रका पारिस्थितिकीय प्रणालीमा पारेको असर नेपालको प्राथमिकताको विषय बन्नेछ । नेपालको संवेदनशील भूवनोटका कारण जलवायु परिवर्तनको जोखिम पनि बढ्दो छ । विश्वको औसत तापक्रम वृद्धिदर एक दशमलव पाँच डिग्री सेल्सियस रहँदा पर्वतीय क्षेत्रमा त्यो एक दशमलव आठ डिग्री बढ्न सक्ने बताइन्छ ।

कोप-२७ आगामी कात्तिक २० देखि मङ्सिर २(नोभेम्बर ६ देखि १८)गतेसम्म इजिप्टको शार्म अल शेखमा हुदैछ । सम्मेलनमा नेपालले प्रमुखरूपमा जलवायु अनुकूलन र न्यूनीकरण, जलवायुका लागि वित्तीय सहयोग, पर्वतीय क्षेत्रका विशिष्ट मुद्दा, हानिनोक्सानीमा वित्तीय सहयोगलगायत विषयका एजेन्डा प्रस्तुत गर्ने तयारी गरिरहेको वन तथा वातावरण मन्त्रालयले जनाएको छ ।

**एजेण्डाको तयारी अन्तिम चरणमा**

अनुकूलनसम्बन्धी विश्वव्यापी लक्ष्यबारे सम्मेलनमा कुरा उठाउने मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा बुद्धिसागर पौडेलले जानकारी दिनुभयो । जलवायु परिवर्तनका क्षेत्रमा विकसित मुलुकले अपेक्षाअनुसारको अनुदान सहयोग दिनुपर्ने नेपालको माग छ । साथै जलवायु परिवर्तनका असरबाट उत्पन्न विपद्ले हुने हानिनोक्सानीका लागि छुट्टै क्षतिपूर्ति दिनुपर्ने जिकिर पनि प्रमुखरूपमा उठाइने उहाँले बताउनुभयो ।

अनुकूलन भन्नाले परिवर्तित जलवायुसँगै बाँच्न र जिउने तरिका अपनाउनु हो भने न्यूनीकरणको अर्थ भने जलवायु परिवर्तनका कारक उत्सर्जन नै कम गराउनु हो । नेपालले कोप-२६ सम्मेलनमा सन् २०४५ सम्म कार्बन उत्सर्जन ‘नेट जिरो’ बनाउने वाचा गरेको थियो । नेट जिरो बनाउने भनेको उत्सर्जन गर्ने हरित गृह ग्यास तथा सोस्ने ग्यासको परिमाण बराबर बनाउनु हो ।

सम्मेलनको तयारीका लागि मन्त्रालयले जलवायु परिवर्तनसम्बन्धी सरकारी तथा गैरसरकारी बहुपक्षीय बहुसरोकारवाला विज्ञसहितको सहभागितामा विभिन्न समूहमा छलफल गरी सुझाव सङ्कलन गरिसकेको छ । समूहबाट प्राप्त प्रतिवेदनका सुझाव समेटेर राष्ट्रियस्तरमा छलफल गरी सम्मेलनमा प्रस्तुत गर्ने अवधारणापत्र (स्टाट्स पेपर) अन्तिम चरणमा पुगेको सहसचिव डा पौडेलले जानकारी दिनुभयोास । मन्त्रालयले मुख्य सम्मेलनसँगै ‘साइड इभेन्ट’ र वार्ताका लागि तयारी गरिरहेको जनाएको छ ।

**यसअघिका प्रतिबद्धता कार्यान्वयनमा जोड**

मन्त्रालयका सचिव डा पेमनारायण कँडेलले यस सम्मेलनमा पेरिस सम्झौता कार्यान्वयनका लागि राष्ट्रिय प्रतिबद्धताका विषयमा हरेक देशले कसरी हरित ग्यास कटौती गर्ने भन्ने योजना र रणनीति बनाउने काम हुने बताउनुभयो ।

विश्व तापमान वृद्धिले जलवायुमा असर परिसकेको सम्बन्धमा अनुकूलनका लागि सबै देशले योजना बनाइसकेका छन् । यसलाई कार्यान्वयन नगरिकन न्यूनीकरण र अनुकूलन पनि गर्न सकिँदैन भन्ने ग्लास्गो सम्मेलनमा भएको सहमति कार्यान्वयनका लागि यो सम्मेलन महत्वपूर्ण हुने उहाँको भनाइ थियो ।

हरित ग्यास उत्सर्जनका कारण तापक्रममा वृद्धि भएको र तापक्रम बढेसँगै जलवायुमा परिवर्तन भएको छ । यस अघिका सम्मेलनमा त्यसको कटौती गर्न मापन तोकिएको छ । हरित ग्यास उत्सजर्न सन् २०३० सम्म ४५ प्रतिशत कटौती र २०५० सम्म शून्य उत्सर्जन गर्ने गरी परिणाम तोकिएको छ ।

यसैगरी ग्लास्गो सम्मेलनमा कोइलाको प्रयोगलाई पूर्णरूपमा अन्त्य नगरी हरित ग्यास उत्सर्जन न्यूनीकरण सकिँदैन र स्वच्छ, वैकल्पिक र नवीकरणीय ऊर्जामै जानुपर्छ भन्ने प्रस्ताव थियो तर चीन, भारत, दक्षिण अफ्रिका, ब्राजिल, इरानलगायत मुलुकले अडान लिएपछि कोइलाको ‘फेजआउट’ नभइ ‘फेजडाउन’ ( घटाउँदै लैजाने) जाने कुरामा सहमति भएको थियो ।

यसअघिका प्रतिबद्धता कार्यान्वयनको विषय, अनुकूलन, जलवायु वित्तीय सहयोग नै यस सम्मेलनमा नेपालको प्राथमिकता रहेने सचिव कँडेलले बताउनुभयो । उहाँले भन्नुभयो, “अनुकूलन भएर मात्र नहुने भएकाले जलवायुका असरबाट हुने हानीनोक्सानीको क्षतिपूर्ति र जलवायु वित्तीय सहयोग नै प्रमुख मुद्दा हो । त्यस विषयमा पनि हामी कुरा उठाउँछौँ । अनुकूलन र हानिनोक्सानीलाई छुट्टै विधा बनाएर हिसाबकिताब गरेर अनुदान दिइनुपर्छ भन्ने हाम्रो माग हो ।”

नेपालको लक्ष्य ‘क्लिन इनर्जी’ हो । सबै ऊर्जाका स्रोतलाई ‘क्लिन इनर्जी’का रूपमा रुपान्तरण गरेर हरित ग्यास उत्सर्जन न्यूनीकरण गर्न र विदेशबाट हुने आयातलाई कम गर्न सहयोग पुग्नेछ । सचिव कँडेलले बढी भएको ऊर्जासमेत निर्यात गर्न सकिने बताउनुभयो । यसबाहेक नेपालले दिगो वन व्यस्थापन रणनीति अघि बढाई जलवायु परिवर्तन न्यूनीकरणका क्षेत्रमा अग्रणी भूमिका निर्वाह गरेको उहाँले जानकारी दिनुभयो ।

**कोप-२७ ‘कार्यान्वयन सम्मेलन’**

प्रधानमन्त्रीका जलवायु परिवर्तन तथा वातावरण सल्लाहकार डा माधवबहादुर कार्कीले यो सम्मेलनलाई कार्यान्वयन सम्मेलनका रूपमा मानिएको बताउनुभयो । कोप-२६ सम्मेलनमा पक्ष राष्ट्रले गरेको प्रतिबद्धतालाई कसरी कार्यान्वयनमा लगिँदैछ भनेर प्रस्तुत गरिने उहाँले जानकारी गराउनुभयो ।

सल्लाहकार डा कार्कीले भन्नुभयो, “विकसित मुलुकले गरेको प्रतिबद्धता कसरी अघि बढिरहेको छ भनेर हामीले प्रस्ताव गर्ने हो । साथै हाम्रा प्रतिबद्धतालाई कार्यान्वयनमा लैजान दुई महत्वपूर्ण दस्तावेज तयार गरिसकेका छौँ ।” यसका लागि मन्त्रालयले ‘एनडिसी इम्प्लिमेन्टेसन प्लान’ र कोप-२६ मा गरेका प्रतिबद्धता कार्यान्वयन

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569




डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

डेंगुबाट बचौं
- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

छिन्नमस्ता गाउँपालिका
छिन्नमस्ता, सप्तरी

# 'उम्मेदवारी दिँदा दलित समुदायलाई उपेक्षा गरियो'

काठमाडौँ, २७ असोज (रासस)। दलित समुदायका सङ्घसंस्था तथा नेताहरूले आगामी मङ्सिर ४ गते हुने सङ्घ र प्रदेशको निर्वाचनमा प्रत्यक्षतर्फ दलितलाई टिकट नदिएर उपेक्षा गरिएकको भन्दै गुनासो गरेका छन्गस्। जागरण मिडिया सेन्टरका अध्यक्ष कमला विश्वकर्माले संविधानले समानुपातिक, समावेशी रसहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरिएको पनि मुख्य दलहरूले नै टिकट वितरणमा दलित समुदायलाई बेवास्ता गरेको आरोप लगाउनुभयो।

आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा नेपाली कांग्रेसले प्रतिनिधिसभाको लागि दलित समुदायबाट एक जनामात्रै ( मानबहादुर नेपाली, (रुकुमपश्चिम) उम्मेदवार) उम्मेदवार उठाएको छ। त्यसैगरी नेकपा (एमाले)ले छविलाल विश्वकर्मालाई रुपन्देही-१ बाट र चक्रप्रसाद स्नेहीलाई डडेलधुराबाट प्रत्यक्षमा टिकट दिएको छ। नेकपा (माओवादी केन्द्र)ले महेश्वर गहतराजलाई बाँके-१ र अञ्जना विसंखेलाई काठमाडौँ-१० बाट टिकट दिएको छ। देशैभरि दलित समुदायको जनसङ्ख्या भने करिब १४ प्रतिशत रहेको छ।

नेकपा (एकीकृत समाजवादी)का नेता गणेश विकेले प्रत्यक्षतर्फ प्रतिनिधिसभाका लागि एक सय ६५ र प्रदेशसभाका लागि तीन सय ३० सदस्यका लागि दलहरूले उम्मेदवारी दिँदा दलित समुदायबाट नगन्य मात्रामा उम्मेदवारी बनाउनु विडम्बनाको विषय भएको बताउनुभयो। संविधानको धारा ४० ले दलित समुदायको सहभागिता र शसक्तीकरण गराउने र धारा ४२ ले सामाजिक न्याय सुनिश्चित गर्ने भनेको छ। मौलिक हकअन्तर्गत धारा २४ ले जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्ने भनेको छ।

विसं २०७४ को निर्वाचनमा प्रत्यक्षतर्फ एमालेबाट छविलाल विश्वकर्मा, जगत विश्वकर्मा र माओवादीबाट महेश्वर गहतराजले निर्वाचन जित्नुभएको थियो। प्रतिनिधिसभामा समानुपातिकसहित दुई सय ७५ सदस्यमा ६.९ प्रतिशत अर्थात् १९ जनामात्रै दलित समुदायको प्रतिनिधित्व रहेको थियो।

## कोप-२७ : अनुकूलन...

गर्न 'जलवायु वित्तीय रणनीति' तयार गरिसकेको छ। यी दस्तवेजलाई वातावरण तथा जलवायु परिवर्तन राष्ट्रिय परिषद्बाट अनुमोदन गरिने उहाँले बताउनुभयो। समग्रमा यस सम्मेलनमा जलवायु वित्तीय सहयोग, क्षमता अभिवृद्धि, प्रविधिको विकासका लागि चाहिने सहयोगका सम्बन्धमा कुरा उठाइने सल्लाहकार डा कार्कीले बताउनुभयो।

विकसित मुलुकले जलवायु परिवर्तनका लागि विकाससील मलुकलाई सन् २०२३ सम्म १०० बिलियन डलर दिनुपर्छ भनेर गरेको प्रतिबद्धताअनुसार त्यसको व्यवस्थापन र पारदर्शीतालाई सम्मेलनमा उठाइने तयारी छ।

कोप-२६ मा पेरिस सम्झौताको सम्पूर्ण बुँदालाई 'रुल बुक' पारित गरी कार्यान्वयनका लागि अघि बढाएको थियो। यस सम्मेलनमा ती विषयलाई कार्यान्वयनमा लैजाँदा के के आवश्यकता छ र त्यो कहाँबाट परिपूर्ति हुन्छ भनेर सबैले आफ्नो योजना परिमार्जित गरेर पेस गर्ने बताइएको छ।

सन् २०१५ मा भएको पेरिस सम्झौताको सन् २०५० सम्ममा हरित ग्यास उत्सर्जन शून्यमा पुर्‍याउने 'रोडम्याप' कार्यान्वयन गर्न विश्वका विभिन्न मुलुकसँगै नेपालले पनि आफ्नो एनडिसी प्रतिवेदन पेस गरिसकेको छ। प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोतको विषय पनि सम्मेलनको प्राथमिकतामा पर्नेछ।

पेरिस सम्झौतामा मुख्य गरी सन् २०५० सम्म हरित ग्यास उत्सर्जन शून्यमा पुर्‍याउने प्रतिबद्धताका साथै विश्वले औद्योगिक क्रान्तिपूर्वको समयभन्दा औसत तापक्रम वृद्धि एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित गर्ने तथा दुई डिग्री सेल्सियसभन्दा बढ्न नदिने सहमति गरेको थियो।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


## वीमा लेख नं. हराएको सूचना

सप्तरीको भारदहदेखी कंचनपुर तर्फ जाँदै गरेको अवस्थामा २०७९ साल भदौं २० गते मेरो निम्न ब्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८११७७९३१४ मा सम्पर्क गर्नुहोला।

**नाम : जलेश्वर खड्गा**
**ठेगाना : हनुमाननगर कंकालिनी नगरपालिका २, सप्तरी**
**वीमा लेख नं. : २०७००१२६४**



## हार्दिक मंगलमय शुभकामना



२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण पालिकावासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**विद्यानन्द चौधरी**
**अध्यक्ष**
**तथा**
**छिन्नमस्ता गाउँपालिका परिवार**
**छिन्नमस्ता, सप्तरी**


# विश्व समाचार

## राष्ट्रसंघमा पाकिस्तानको आलोचना

न्युयोर्क, २७ असोज (रासस/एएनआई)।

संयुक्त राष्ट्रसङ्घको महासभामा रूसमाथिको बहसका क्रममा पाकिस्तानले कश्मीर मुद्दा उठाएपछि भारतले त्यसको आलोचना गरेको छ। भारतले पाकिस्तानको टिप्पणीलाई निरर्थक भन्दै त्यसको कडा शब्दमा आपत्ति जनाएको छ।

रूस-युक्रेन युद्धलाई लिएर बुधबारको महासभा बैठकमा मस्कोविरुद्ध प्रस्तुत प्रस्तावमाथिको छलफलमा भाग लिँदै पाकिस्तानी कूटनीतिज्ञ मुनिर अक्रमले कश्मीरको मुद्दा उठाएपछि भारतले त्यसको प्रतिवाद गरेको हो। मतदानअघि मन्तव्य व्यक्त गर्दै पाकिस्तानका कूटनीतिज्ञले रूसले युक्रेनी भूभाग कब्जा गरेझैं भारतले पनि पाकिस्तानी भूमि कश्मि कब्जा गरेको आरोप अप्रत्यक्षरूपमा लगाएपछि संयुक्त राष्ट्रसङ्घका लागि भारतका स्थायी प्रतिनिधि रुचिरा कम्बोजले भारतविरुद्ध तुच्छ एवम् व्यर्थ टिप्पणी गरिएको बताइन्। जम्मु र कश्मीरको सम्पूर्ण क्षेत्र भारतको अभिन्न अङ्ग हो र त्यो सधैं भारतमा नै रहने बताउँदै उनले पाकिस्तानलाई सीमापार आतङ्कवाद रोक्न आह्वान गरिन्।

संयुक्त राष्ट्रसङ्घले चार युक्रेनी क्षेत्रलाई रूसले गाभेको निन्दा गर्न प्रस्तुत गरेको प्रस्तावमाथिको मतदानका बेला अनुपस्थित रहेको भारतले राष्ट्रसङ्घका सिद्धान्तको पालना हुनुपर्नेमा जोड दिएको छ। बुधबार भएको मतदानमा एक सय ४३ देशले प्रस्तावको पक्षमा आफ्नो मत जाहेर गरेका थिए। भारतसहित ३५ देश भने मतदानका बेला अनुपस्थित रहेका थिए। प्रस्तावको विपक्षमा पाँच देशले मतदान गरेका थिए। यद्यपि भारतले युक्रेनमा नागरिक पूर्वाधारलाई निशाना बनाएर सर्वसाधारणको ज्यान जाने गरी द्वन्द्व बढेकामा गहिरो चिन्ता व्यक्त गरेको छ।

युक्रेन युद्ध तत्काल अन्त्य हुनुपर्ने तथा त्यस निम्ति वार्ता र कूटनीतिको बाटोमा सम्बद्ध पक्ष अग्रसर हुनुपर्नेमा पनि भारतले जोड दिएको छ। "तत्काल युद्धविराम र द्वन्द्वको समाधान गर्न शान्ति वार्ताको शीघ्र पुनःशुरुवातको लागि इमानदार प्रयास हुनुपर्छ, तनाव कम गर्ने उद्देश्यले हुने सबै प्रयासलाई भारत समर्थन गर्न तयार छ," भारतीय स्थायी प्रतिनिधिले भनिन्।

## सुरक्षा कारबाहीमा पचास जना मारिए

मोगादिसु, २७ असोज (रासस/सिन्ह्वा)।

सोमालियामा यहाँको सुरक्षा फौजले गरेको कारवाहीमा परी अल सेबाबका कम्तीमा पनि ५० जना लडाका मारिएका छन्।

सोमालियाको आतङ्ककारी समूह अल सेबाबका विरुद्धमा बुधबार गरेको कारबाहीका क्रममा ती लडाका मारिएका यहाँको सेनाका एकजना अधिकारीले जनाएका छन्।

मध्यसोमालियाको यासुमा गाउँमा सो आतङ्ककारी समूह अल सेबाबका विरुद्धमा यहाँको सेनाले गरेको कारबाहीका क्रममा ती लडाका मारिएका हुन्।

सो कारबाहीका क्रममा तीन जना सेना पनि मारिएका बताइएको छ। सोमालियाली सेनाका उपप्रमुख ओदोवा युसुफले सो कुराको जानकारी दिनुभएको हो।

उपप्रमुख युसुफले भने "हाम्रो सैन्य समूहले गरेको कारबाहीमा अल सेबाब आतंककारी समूहका ५० जना लडाकाको ज्यान गएको छ। त्यस क्रममा तीन जना सेनाको पनि ज्यान गएको छ।"

सोमालियाली सेनाले सो क्षेत्रमा अल सेबाबका विरुद्धमा कारबाही जारी राख्ने जनाएको छ।

सेनाका अनुसार सो क्षेत्रमा यहाँका स्थानीय सुरक्षा समूहको सहयोगमा यहाँको सेनाले केही महिना यतादेखि अल सेबाबका विरुद्धमा कारबाही थालेको हो।

सो कारबाही आगामी दिनमा पनि जारी रहने सेनाले जनाएको छ। सोमालियामा पछिल्ला केही महियना यता यहाँको आतंककारी समूह अल सेबाबले सेना र प्रहरीका विरुद्धमा आक्रमण गरी हत्या गर्ने गरेका छन्।

## युक्रेनले थप भूभाग फिर्ता लिएको दाबी

किएभ, २७ असोज (रसस/सिन्ह्वा)।

युक्रेनले दक्षिणमा क्षेत्र थप भू-भाग फिर्ता गरेको छ। धेरै दिनको तीव्र रुसी क्षेप्यास्त्र हमलापछि किभमा 'जति सक्दो चाँडो' वायु रक्षा प्रणाली पुऱ्याउने पश्चिमी देशको वाचालाई युक्रेनले स्वागत गरेको बुधवार जनाएको छ।

अमेरिकाको नेतृत्वमा करिब ५० देशको समूहले ब्रसेल्समा रहेको नेटो मुख्यालयमा वार्ता गरेको र किएभलाई नयाँ क्षेप्यास्त्र विरोधी प्रणाली उपलब्ध गराउने वाचा गरेको हो।

युक्रेन रुसी आक्रमणबाट त्रसित छ। यसमा परी दर्जनौं मारिएका, घाइते भएका छन् साथै गाउँ, सहर विद्युत र तातो पानीविहीन छन्।

'प्रणाली उपलब्ध गराइनेछ, जति छिटो हामी तिनीलाई भौतिकरूपमा त्यहाँ पुऱ्याउन सक्छौं,' अमेरिकी रक्षा मन्त्री लोयड अस्टिनले बैठकपछि जानकारी दिनुभएको छ।

पश्चिमी ऐक्यबद्धताको थप प्रदर्शनमा, जी-७ ले आवश्यता भएसम्म युक्रेनको साथमा उभिने वाचा गरेको छ। बलियो युक्रेनको दिशातर्फ अघि बढ्नको लागि आर्थिक सहयोग गर्ने अन्तरराष्ट्रिय मुद्रा कोष प्रमुख क्रिस्टालिना जर्जिएभाले वाचा गर्नु भएको छ।

युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्की रुसी क्षेप्यास्त्र आक्रमणलाई आतङ्कवादको कार्यको रूपमा वर्णन गर्नु भएको छ।

# पर्सामा केही उम्मेदवारले आफैंलाई मत हाल्न नपाउने

वीरगञ्ज, २७ असोज (रासस)। आउँदो मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा पर्साका केही उम्मेदवारले आफैंलाई मत हाल्न नपाउने भएका छन्।

चार प्रतिनिधिसभा र आठ प्रदेशसभा क्षेत्र रहेको जिल्लामा उम्मेदवार बनेका निर्वाचन क्षेत्रमा मतदाता नामावलीमा नाम नभएका कारण केही उम्मेदवारले मत हाल्न नपाउने भएका हुन्। पर्सा निर्वाचन क्षेत्र नम्बर १ मा सत्ता गठबन्धनबाट प्रतिनिधिसभा सदस्यतर्फ उम्मेदवारी दिनुभएका लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता लक्ष्मणलाल कर्णले यसपटक आफैंलाई मत हाल्न नपाउने हुनुभएको हो। उहाँ क्षेत्र नम्बर ४ को जगरनाथपुर गाउँपालिका-२ जानकी टोलको मतदाता हुनुहुन्छ।

यसैगरी पर्सा क्षेत्र नम्बर १ को प्रदेशसभा (ख) मै सत्ता गठबन्धनका तर्फबाट उम्मेदवारी दिनुभएका नेपाली कांग्रेसका रामनारायण कुर्मी पनि आफैंलाई मत दिनबाट वञ्चित हुनुहुनेभएको छ। उहाँको नाम मतदाता नामावलीमा क्षेत्र नम्बर १ मा पर्ने वीरगञ्ज महानगरपालिका-१४ पिपरामा रहेको छ।

यस्तै, पर्सा क्षेत्र नम्बर २ प्रदेशसभा (क) मा सत्तागठबन्धनकै तर्फबाट उम्मेदवारी दिनुभएका नेपाली कांग्रेसकै उम्मेदवार श्याम पटेलले पनि आफैंलाई मत हाल्न नपाउने अवस्था छ। पटेलको मतदाता नामावली क्षेत्र नम्बर प्रदेशसभा २ (ख) मा पर्ने बहुदरमाई नगरपालिका-२ ध्यानसिंह पिपरामा छ।

त्यस्तै, सत्तागठबन्धनकै तर्फबाट पर्सा क्षेत्र नम्बर ३ प्रदेशसभा (क) मा उम्मेदवारी दिनुभएका माओवादी केन्द्रका उम्मेदवार छोटेलाल यादवले पनि आफूलाई भोट हाल्न नपाउने देखिन्छ। उहाँको मतदाता नामावली क्षेत्र नम्बर ३ प्रदेशसभा (ख) मा पर्ने बिन्दवासिनी गाउँपालिका-५ हासवाकामा छ।

क्षेत्र नम्बर ३ प्रदेशसभा (ख) मा उम्मेदवारी दिनुभएका नेपाली कांग्रेस पर्साका सभापति जनार्दनसिंह क्षेत्री र एकीकृत समाजवादीका प्रहलाल गिरीले पनि आफूलाई भोट नपाउने भएका छन्। क्षेत्रीको मतदाता नामावली क्षेत्र नम्बर ४ को जगरनाथपुर गाउँपालिका-६ का मा छ भने र गिरीको मतदाता नामावली वडा नम्बर ५ रहेको छ।

यसैगरी क्षेत्र नम्बर ४ प्रदेशसभा (ख) मा सत्तागठबन्धनकै तर्फबाट उम्मेदवारी दिनुभएकी माओवादी केन्द्रकी चाँदतारा कुमारीले पनि आफैंलाई मत दिन नपाउने अवस्था छ। उहाँको मतदाता नामावली क्षेत्र नम्बर १ प्रदेशसभा (ख) मा पर्ने वीरगञ्ज महानगरपालिका-४ मा छ।

# भन्सार छलेर ल्याउँदै गरेका सामान बरामद

**दैनिक समाचारदाता**
**राजविराव, २७ असोज।**

सप्तरी प्रहरीले भन्सार छलेर भारतबाट नेपाल ल्याउँदै गरेको विभिन्न किरानाका सामानहरु बरामद गरेको छ।

भारतीय बीआर-५००७०८९ नं.को मोटरसाईकलमा रजनीगन्धा तुलसी सहित ८ पोका र किराना सामानहरु लोड गरी ल्याई रहेको अवस्थामा प्रहरीले ती सामानहरु बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

भारतबाट भन्सार छली नेपालतर्फ ल्याउँदै गर्दा प्रहरीले जिल्लाको बिष्णुपुर गाउँपालिका वडा नं. ६ मा ती सामानहरु बरामद गरेको हो।

प्रहरी टोलीलाई देख्नासाथ ती व्यक्तिहरु सामान र मोटरसाइकल छोडी फरार भएका थिए। प्रहरीले बरामद गरेको मोटरसाइकल र सामानको एक लाख ६४ हजार १ सय २० रुपैया मुल्याङकन गरी आवश्यक कारवाहीको लागी राजबिराज भंसार कार्यालय तिलाठी पठाएको जनाएको छ।

# निर्वाचन मतपरिणाबारे सर्वेक्षणबारे आयोगको ध्यानाकर्षण

काठमाडौँ, २७ असोज (रासस)। आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनको आचारसंहिता विपरीत कतिपय व्यक्तिले सामाजिक सञ्जालको प्रयोग गरेर राजनीतिक दल र उम्मेदवारका सम्बन्धमा मत सर्वेक्षण र सोको नतिजा सार्वजनिक गरेको पाइएको छ। आयोगका उपसचिव एवं सहायक प्रवक्ता कमल भट्टराईले बिहीबार प्रेस विज्ञप्ति जारी गरी उपरोक्त व्यवस्था विपरीत कोही कसैले कार्य गरेमा कानुन बमोजिम कारबाही हुने स्पष्ट गर्नुभएको छ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा ४ (त) मा उम्मेदवारको मनोनयनपत्र दर्ता भएको मितिदेखि मतदान सम्पन्न नभएसम्म उम्मेदवार वा राजनीतिक दलको मतपरिणामका सम्बन्धमा कुनै मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न वा प्रकाशन गर्न नपाइने स्पष्ट उल्लेख गरिएको छ।

साथै आचारसंहिताको दफा ४ को (थ) मा निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा प्रकाशन गर्न वा अरूले प्रकाशन गरेका सामग्री शेयर गर्नसमेत नहुने व्यवस्था रहेको छ।

## *सप्तरीको २ नं. ...*

पार्ने र मतदातालाई आश्वस्त पार्ने प्रयास गरीरहेका छन्। तर सत्ता गठबन्धन र विपक्षी गठबन्धन मध्ये कस्को अस्त्रले मतदातालाई प्रभाव पार्ने हो? भन्ने कुरा मंसिर ४ पछि मात्र थाहा हुने स्थानीय बुद्धिजीवीहरु बताउँछन।

५१ हजार ३७ पुरुष, ४४ हजार ३ सय ५५ महिला तथा अन्य २ गरी कुल ९५ हजार ३ सय ९४ मतदाता रहेको यस क्षेत्रमा नेपाली जनता दलका चन्द्र कुमारी देव, राप्रपाका कैला मंसुरी मियाँ, राप्रपा नेपालका हजरत अली, नेमकिपाका देव नारायण यादव, हाम्रो नेपाल पार्टीका डम्बर नारायण साह, राष्ट्रिय स्वतन्त्र पार्टीका बरुण कुमार झा, पिछडा वर्ग निषाद दलित पार्टीका सुमित्रा मण्डल, नेपाल संघिय समाजवादी पार्टीका प्रमिला देवी मण्डल, नेपाली काँग्रेस (विपी) का प्राध्यापक डा.चिरिन्जीवी लाल देव सहित ४ जना स्वतन्त्र उम्मेदवार पनि चुनावी मैदानमा छन्।

# लामिछानेलाई पाँच दिन हिरासतमा राख्न अनुमति

काठमाडौँ, २७ असोज (रासस)। काठमाडौँ जिल्ला अदालतले राष्ट्रिय क्रिकेट टोलीका निलम्बित कप्तान सन्दीप लामिछानेलाई पाँच दिन हिरासतमा राखेर अनुसन्धान अघि बढाउन अनुमति दिएको छ।

उक्त अदालतले यही असोज २७ गतेदेखि लागू हुने गरी यही असोज ३१ गतेसम्म म्याद थप गर्नका लागि अनुमति दिएको हो। लामिछानेलाई हिरासतमा राखी अनुसन्धान अघि बढाउन यो दोस्रोपटक म्याद थप गरिएको हो। यसअघि यही असोज २० गतेदेखि बिहीबारसम्मका लागि म्याद दिइएको थियो।

प्रहरीले लामिछानेलाई म्याद थपका लागि अदालतमा माग गरेकामा न्यायाधीश सूर्यबहादुर थापाले अभियुक्तको अनुसन्धान छिट्टै सकेर सरकारी वकिललाई बुझाउन र मुद्दा चाँडै दायर गर्न निर्देशन दिनुभएको अधिवक्ता सुवास पाठकले जानकारी दिनुभयो।

यसअघि पहिलो पटक म्याद दिंदा अदालतमा लामिछानेले जाहेरवाली १९ वर्षको भएकीले नाबालिका नभएको समेत न्यायाधीशसमक्ष जिकिर गर्नुभएको थियो।

नाबालिकामाथि जबर्जस्ती करणी गरेको अभियोगमा जाहेरी परेपछि लामिछानेलाई हिरासतमा राखिएको छ। प्रहरीले यही असोज २० गते उहाँलाई अन्तर्राष्ट्रिय विमानस्थलबाटै पक्राउ गरेको थियो।

# आयोगले तोक्यो जिल्ला आचारसंहिता अनुगमन अधिकृत

काठमाडौँ, २७ असोज (रासस)। निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि निर्वाचन आचारसंहिता, २०७९ को दफा ३२ बमोजिम सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रकको कार्यालयका प्रमुखलाई जिल्ला आचारसंहिता अनुगमन अधिकृतका रूपमा तोकेको छ।

आयोगको यही असोज २४ गतेको उक्त निर्णयानुसार आफ्नो जिल्लाभित्रका कर्मचारी, शिक्षक वा निर्वाचन आचारसंहिता पालना गर्नुपर्ने दायित्व भएका कुनै व्यक्तिले निर्वाचन आचारसंहिताविपरीत कार्य गरेमा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रकको कार्यालयका प्रमुख तथा आचारसंहिता अनुगमन अधिकृतलाई निर्वाचन आयोग ऐन, २०७३ र निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम कारवाही गर्न निर्देशन दिइएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो। ती अधिकृतलाई अनुगमनको जानकारी सम्बन्धित जिल्लाको आचारसंहिता अनुगमन समिति र आयोगमा पठाउने गरी अधिकार दिइएको छ।

आचारसंहिताको पहिलो संशोधनमा प्रत्येक जिल्लामा आयोगले तोकेका वा खटाएको नेपाल सरकार वा प्रदेश सरकारको अधिकृतस्तरको कर्मचारीले निर्वाचन आचारसंहिता अधिकृतका रूपमा काम गर्ने उल्लेख छ। प्रत्येक जिल्लामा मुख्य निर्वाचन अधिकृतको संयोजकत्वमा जिल्ला आचारसंहिता अनुगमन समिति रहने व्यवस्था रहेको छ। केन्द्रस्तरमा आयोगका आचारसंहिता हेर्ने आयुक्तको संयोजकत्वमा केन्द्रीय आचारसंहिता अनुगमन समिति रहेको छ।

# चारजना मन्त्रीहरु बर्खास्त

**दैनिक समाचारदाता**
**राजविराज, २७ असोज।**

प्रधानमन्त्री शेरबहादुर देउवाले जनता समाजवादी पार्टी (जसपा)का चार मन्त्रीलाई बर्खास्त गरेका छन्।

जसपाले नेकपा एमालेसँग चुनावी गठबन्धन गरेपछि देउवाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजेन्द्रप्रसाद श्रेष्ठ, भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इस्तियाक राई, वन तथा वातावरण मन्त्री प्रदीप यादव र कृषि तथा पशुपंक्षी विकास मन्त्री मृगेन्द्रकुमार सिंहलाई हटाएका हुन्।

प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले चारै जना मन्त्रीलाई बिहीबार मन्त्री पदबाट पदमुक्त गरि चारै मन्त्रालय प्रधानमन्त्रीले सम्हाल्ने जनाइएको छ।

उत्पादन बढाऔं र औद्योगिकीकरणमा सहयोग गरौं

➤ विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं।
➤ देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
➤ आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
➤ रकम बचत गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।
➤ स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
➤ आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्भनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*